# नागरिक लगानी कोष

## कोषको वित्तीय अवस्था (अपरिष्कृत)

**२०७९ आश्विन मसान्त सम्मको** रु. हजारमा

### कोषको स्रोत (Sources of Fund)

| विवरण | २०७९।८० आश्विन मसान्त | २०७८।७९ आश्विन मसान्त |
|---|---|---|
| शेयर पुँजी | ४,२५१,००० | ३,२७०,००० |
| शेयर प्रिमियम | २८३,८७८ | १,२६४,८७८ |
| **खुद कोष मौज्दात** | **२१२,८७२,८५८** | **१८०,९६२,९७१** |
| क.ब.वृ. अवकाश कोष | १३१,४४२,५६८ | ११६,६८९,७१७ |
| नागरिक एकाङ्क योजना | १,०९३,३३५ | १,५७५,०५९ |
| उपदान कोष योजना | ३१,३६७,१६५ | २६,७२५,४१५ |
| लगानीकर्ता हिसाब | ८,०३६,४९७ | ७,०२८,९६६ |
| निजामती बीमा कोष | ३,७५०,१४७ | ३,७९३,४९९ |
| शिक्षक बीमा कोष | ३,०५६,८१२ | ३,१३४,२७६ |
| नार्क बीमा कोष | १२५,७५७ | ११२,९९४ |
| सैनिक बीमा कोष | १,४१२,४८२ | १,५१२,०४४ |
| सशस्त्र प्रहरी बीमा कोष | १७३,२०० | १६५,२९२ |
| नेपाल प्रहरी बीमा कोष | ४१८,८०४ | ४०१,५८७ |
| रा.अनुसन्धान बीमा कोष | १२,१३२ | ११,९९२ |
| नागरिक पेन्सन योजना | १०२,४२६ | ३६,०५५ |
| बीमा कोष दायित्व | ८३४,३७४ | ७३४,०९८ |
| जगेडा कोष | ३१,०४७,१५९ | १९,०४१,९७८ |
| केन्द्रीय हिसाब | ३,५०१,५६३ | ३,१९८,२२८ |
| अन्य कोष र योजना | २७,५४५,५९५ | १५,८४३,७५० |
| चालू दायित्व तथा व्यवस्था | ६,७४८,५९६ | ८,०५६,३३८ |
| **जम्मा :** | **२२४,१५६,३३२** | **१९३,५५४,१८७** |

रु. हजारमा

### कोषको उपयोग (Applications of Fund)

| विवरण | २०७९।८० आश्विन मसान्त | २०७८।७९ आश्विन मसान्त |
|---|---|---|
| खुद स्थिर सम्पत्ति | ३,१३९,९६८ | १,३१३,९०३ |
| पुँजीगत निर्माण (Capital WIP) | - | ८८९,२५५ |
| **लगानी** | **१९९,३६१,९७२** | **१७८,६५९,२०३** |
| नेपाल सरकारको ऋणपत्र | - | १,०५०,००० |
| मुद्दती निक्षेप | १०२,२९३,४९३ | १०३,२२३,६१२ |
| समयकालीन कर्जा | २२,२२३,५६६ | २१,११४,०६७ |
| सङ्गठित संस्थाको शेयर/धितोपत्र | २८,०७६,१८० | १६,४५०,७३७ |
| सहायक कम्पनीमा लगानी | २,५५०,००० | २,५५०,००० |
| सहभागी सापटी तथा आवास कर्जा | ४४,२१८,७३३ | ३४,२७०,७८७ |
| बैंक मौज्दात | २,१४६,६३६ | २,८८२,५०० |
| चालू सम्पत्ति | १९,५०७,७५५ | ९,८०९,३२६ |
| **जम्मा :** | **२२४,१५६,३३२** | **१९३,५५४,१८७** |

माथि उल्लेखित विवरणका अङ्कहरू लेखापरीक्षकको सुझाव अनुसार परिवर्तन हुन सक्नेछ ।

# नागरिक लगानी कोष

**केन्द्रीय हिसाब**

**२०७९ श्रावण १ देखि २०७९ आश्विन मसान्त सम्मको अपरिष्कृत आय/व्यय हिसाब** रु. हजारमा

| विवरण | अपरिष्कृत | वास्तविक |
|---|---|---|
| | २०७९।८० आश्विन मसान्त | २०७८।७९ आश्विन मसान्त |
| ब्याज आम्दानी | १०१,२३० | ५८,३७५ |
| सेवा शुल्क तथा कमिसन आम्दानी | २९३,९२७ | २८१,२५० |
| विविध आम्दानी | ५,५१९ | ७५ |
| **कुल आम्दानी** | **४००,६७६** | **३३९,७००** |
| व्यवस्थापन खर्च | ७१,११९ | ५७,८४१ |
| खर्च व्यवस्था | १९,२५४ | १८,८७० |
| **कुल खर्च** | **९०,३७३** | **७६,७११** |
| कर अगाडिको खुद नाफा | ३१०,३०३ | २६२,९८९ |
| आय कर व्यवस्था | ७७,५७६ | ६५,७४७ |
| **खुद नाफा** | **२३२,७२७** | **१९७,२४२** |

**Particulars**

**Financial Ratios & Other Information,**

| Overall | As of Ashwin 2079 | As of Ashwin 2078 |
|---|---|---|
| Return on Investment (ROI) | **9.38%** | **7.71%** |
| Fund to Investment ratio | **98.76%** | **98.73%** |
| Weighted average cost of fund | **8.49%** | **6.48%** |
| Net Worth (Rs. in '000) | **8,036,442** | **4,974,894** |
| Net Worth (Value per share) | **189.05** | **152.14** |
| Earning Per Share (in Rs.) - Annualized | **21.90** | **24.13** |

**१. वित्तीय विवरण**

त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण माथि उल्लेख गरिए बमोजिम रहेको छ ।

**२. व्यवस्थापकीय विश्लेषण**

दीर्घकालीन प्रकृतिको कोष सङ्कलन गर्ने भएकोले गर्दा सहभागीहरूको मासिक सङ्कलन रकमबाट दैनिक भुक्तानी दिने कार्य भएको हुँदा तरलता सहज भएको छ । कोषको मुख्य आम्दानीका रूपमा कोष सञ्चालन गरेका योजनाहरूबाट प्राप्त सेवा शुल्क, ब्याज आम्दानी तथा नगद लाभांश रहेको छ । कोषले बन्दमुखी सामूहिक कोष योजना सञ्चालन गर्ने प्रक्रिया अगाडि बढाएको छ । कोषको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पर्ने अवस्था रहेको छैन ।

**३. कानूनी कारबाही सम्बन्धी विवरण**

(क) नागरिक लगानी कोषले सञ्चालन गरेको विभिन्न अवकाश कोष मध्ये उपदान कोष अन्तर्गत विभिन्न सङ्गठित संस्थाको उपदान कोष रकम सम्बन्धित संस्थाका कर्मचारीहरू अवकाश हुँदा कोषले उपदान बापतको रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) को मूल व्यवस्था अनुसार १५ प्रतिशतका दरले आयकर बापत कट्टा गरी भुक्तानी दिँदै आएकोमा सो सम्बन्धमा सम्मानित सर्वोच्च अदालत एवं उच्च अदालतमा सङ्गठित संस्थाका सेवा निवृत्त कर्मचारीहरूले उपदानमा १५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने होइन ५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्दछ भनी कोषको विरुद्ध रिट निवेदन दायर गरेको र कोषले सोको लिखित जवाफ पेस गरी मुद्दा विचाराधीन अवस्थामा रहेको ।

(ख) कोषले उपदान कोषको रकममा ५ प्रतिशत मात्र कर कट्टा गरेको मिलेन भनी ठूला करदाता कार्यालयबाट कोषलाई जरिवाना गरेको र सो उपर कोषले आन्तरिक राजस्व विभाग, लाजिम्पाटमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएर विचाराधीन अवस्थामा रहेको ।

**४. सङ्गठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण**

(क) कोषको शेयर नेपाल स्टक एक्स्चेन्ज लि.को दोस्रो बजारमा खुला शेयर बजार अन्तर्गत कारोबार भइरहेको छ । यस विषयमा कोष व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार सङ्ख्या ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार सङ्ख्या |
|---|---|---|---|---|
| ३०७२ | १७८० | १८१२ | ६६ | ६९९०४९ |

**५. समस्या तथा चुनौती**

कोषले प्रयोगमा ल्याइरहेको सफ्टवेयरलाई सबै कारोबार र अन्य निकायहरूले प्रयोगमा ल्याइरहेको सफ्टवेयरसँग एकीकरण हुनेगरी मिल्दो बनाउने, पुरानो हिसाब मिलान कार्य सम्पन्न गर्ने, सहभागीहरूलाई दिइने प्रतिफल दरलाई उच्च बनाई राख्ने आन्तरिक चुनौती तथा समस्याहरू कोषसँग रहेका छन् । त्यसैगरी पुँजीबजार तर्फको कारोबारमा प्रतिस्पर्धा, सरकारको जमानतमा गरिएको लगानी असुलीमा समस्या, कोषमा आबद्ध संस्था र सहभागीहरूलाई सामाजिक सुरक्षा कोषमा हस्तान्तरण गर्न दबाब गरिनु तथा योगदानमा आधारित पेन्सन कार्यक्रम अन्य संस्थाबाट सञ्चालन गर्न प्रतिस्पर्धी संस्थालाई प्रोत्साहित गरिनुजस्ता बाह्य चुनौतीहरू रहेका छन् । यी चुनौतीहरू समाधानका लागि कोषले नेपाल सरकार महालेखा नियन्त्रक कार्यालयको सफ्टवेयर सूत्रसँग एकीकरण गर्ने प्रक्रियामा रहेको, NCHL सबै कार्यक्रमहरूमा लागू गर्ने, कोषका सम्पूर्ण सेवाहरूलाई डिजिटाई गर्ने, बैंक रिकन्सिलियसन कार्यलाई चुस्त दुरुस्त बनाउन छुट्टै महाशाखाको गठन गरी रिकन्सिलियसन स्टेटमेन्ट तयार गर्ने, सहभागीहरूलाई दिने प्रतिफल दरलाई उच्च बनाउन बढी प्रतिफल प्राप्त हुने सुरक्षित लगानी हेरी केन्द्रित हुने रणनीति कोषले लिएको छ ।

**६ संस्थागत सुशासन**

कोषको सञ्चालक समिति शीर्ष निकाय हो । जो शेयरधनीहरू प्रति उत्तरदायी हुने तथा संस्थागत सुशासन कायम गर्न जिम्मेवार निकाय हो । कोषले सञ्चालन गर्ने योजना/कार्यक्रमहरूको सञ्चालन, अनुगमन तथा वित्तीय विवरण प्रमाणीकरण गर्न सञ्चालकको संयोजकत्वमा ट्रस्टी उपसमितिहरू गठन गरिएको छ । सहभागीहरू प्रति ट्रस्टी उत्तरदायी रहने गरेको छ । आर्थिक अनुशासन र आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न सञ्चालकको संयोजकत्वमा लेखा परीक्षण समिति रहेको छ । सञ्चालकको संयोजकत्वमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी अनुगमन उपसमिति गठन गरिएको छ । यस सम्बन्धमा सम्पादित कार्यहरूको अर्धवार्षिक प्रतिवेदन समिति समक्ष पेस गर्ने गरिएको छ । कोषका कार्यकारी निर्देशकको संयोजकत्वमा लगानी उपसमिति र कर्जा उपसमिति गठन गरिएको छ । लगानी नीतिको सीमाभित्र रही तोकिएको विधि प्रक्रिया र मापदण्डको अधीनमा रही लगानी गरिएको छ । सहभागीहरूलाई कर्जा प्रदान गर्दा कर्जा कार्यविधिको अधीनमा रही गरिएको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।